नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक, चौतारा

☎ : ०११-६२०१०६
☎ : ०११-६२०१३३
फ्याक्स : ०११-६२००८४

पत्र संख्या : प्र.०७९/८०

चलानी नं. ३९६

मिति: २०७९/०५/०१

**बिषय:- जानकारी सम्बन्धमा ।**

श्री नगरपालिका/गाउँपालिका, सबै ।
सिन्धुपाल्चोक ।

प्रस्तुत विषयमा तहाँ नगर/गाउँपालिका अन्तर्गतका वडा कार्यालयको सिफारिसका आधारमा जिल्ला प्रशासन कार्यालयले नागरिकता, नावालक परिचय पत्र, आदिवासी जनजाति र दलित जाति प्रमाणित लगायतका अन्य कागजात जारी गर्दै आएको कुरा विदितै छ । तर तहाँ पालिका अन्तर्गतका कतिपय वडा कार्यालयले सिफारिस गर्दा देहाय बमोजिमका त्रुटी/गल्ति भइ संसोधनको लागि सम्बन्धित वडा कार्यालयमा पुनः फर्कनु पर्ने भएकोले सेवाग्राहीले सास्ती/हैरानी खेप्नु परेको छ ।

देहायः-

१. नागरिकता सम्बन्धमा
- १६ वर्ष नपुगी नागरिकता सिफारिस गर्ने गरेको,
- नागरिकताको सनाखत गर्न बाबु/आमा बाहेक तीन पुस्ताभित्रको अन्य व्यक्ति आउँदा नाता प्रमाणित समावेस नगरेको,
- त्यस्तै नागरिकताको सिफारिसमा वडाध्यक्षले फोटोमा हस्ताक्षर नगरेको/छुट भएको,
- कार्यालयको छाप नलगाएको/छुट भएको,
- वडा अध्यक्षको अनुपस्थितिमा कार्यवाहक वडा अध्यक्षको जिम्मेवारी दिइएको पत्र समावेस नभएको, र
- कतिपय सेवाग्राहीले नेपाली नागरिकता प्रमाणपत्र बनाउन आउँदा सक्कल कागजात (बुबा आमाको नागरिकता, जन्मदर्ता, शैक्षिक योग्यताको प्रमाणपत्र ईत्यादी) सक्कल ल्याउने नगरेकोले सेवाबाट बञ्चित हुनु परेको ।

२. प्रतिलिपि नागरिकता सम्बन्धमा
- पँतिको नाम थर बतन कायम गर्न आउँदा प्रतिलिपिको लागि आवश्यक सिफारिस हुनु पर्नेमा अनुसूची-१ को फारम भरेको, र
- किटानी सिफारिस हुनु पर्नेमा नभएको ।

३. संस्था दर्ता/नवीकरण सम्बन्धमा
- संस्था दर्ता/नवीकरणको लागि आउँदा सिफारिस नभएको ।

४. नाबालक परिचय-पत्र सम्बन्धमा
- फोटो प्रमाणित सहित सिफारिस गर्ने नगरेको/छुट भएको, (थप उस्तै फोटो ५ वटा ल्याउने नगरेको),
- नाबालक परिचयपत्र बनाउन आउँदा सक्कल कागजात (बुबा आमाको नागरिकता, नाबालकको जन्म दर्ता, शैक्षिक योग्यताको प्रमाणपत्र ईत्यादी) सक्कल ल्याउने नगरेको,
- आमाको नागरिकतामा बाबुको नामथर उल्लेख नभएको खण्डमा सक्कलै विवाह दर्ता ल्याउने नगरेको,
- नाबालको बाबु आमा बाहेक तीन पुस्ताभित्रको अन्य व्यक्ति आउँदा नाता प्रमाणित र सम्बन्धित व्यक्तिको नागरिकता समावेस नगरेको कारण सेवाबाट बञ्चित हुनु परको ।

५. राष्ट्रिय परिचयपत्र विवरण दर्ता सम्बन्धमा
- आमाको नागरिकतामा बाबुको नामथर उल्लेख नभएको खण्डमा सक्कलै विवाह दर्ता ल्याउने नगरेको,
- विवाह दर्ता नभएको सखण्डमा छोरा छोरी सक्कलै जन्म दर्ता ल्याउने नगरेको ।

तसर्थ माथि उल्लेखित त्रुटीलाई न्युनीकरण गरी सेवाग्राहीलाई सरल, सहज रुपमा सेवा प्रवाह गर्न नागरिकता सम्बन्धी ऐन तथा प्रचलित नियम/कानून बमोजिम आवाश्यक सम्पूर्ण कागजात, रीतपूर्वक भरेको सिफारिस तथा सक्कलै कागजात सहित पठाउने व्यवस्थाको लागि तहाँ नगरपालिका/गाउँपालिका मातहतको वडा कार्यालयहरुलाई परिपत्र गरी दिन हुन अनुरोध छ ।

०५/०१

(निराजन श्रेष्ठ)
सहायक प्रमुख जिल्ला अधिकारी

E:\new computer\11\DAINIK PATRA.DOC296

स. प्रमुख जिल्ला अधिकारी